त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

**सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार स्नातकोत्तर तह Master in Data Science विषय प्रथम वर्ष दोश्रो शत्र-२०७७ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार संचालन हुने स्नातकोत्तर तह **Master in Data Science** विषय **प्रथम वर्ष दोश्रो शत्र २०७७** समूहको नियमित परीक्षाको परीक्षा आवेदन फाराम २०७९ साल श्रावण १६ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित क्याम्पसले फारामहरु रुजु गरी मिति २०७९ साल श्रावण १८ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित गणित विज्ञान स्कूलले ध्यान दिनु पर्ने कुराहरु :**

(क) **कोटा सम्बन्धमा :**

– स्वीकृत कोटाको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।

– कोटा भन्दा वढि विद्यार्थीको फाराम नपठाउने ।

२. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय क्याम्पसले ध्यान दिनु पर्ने कुराहरु :**

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।

(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फराम साथै पठाउनु पर्नेछ ।

(ग) आन्तरिक मूल्यांकनमा अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वत: रद्द हुनेछ ।

(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आबेदन फारामसाथ पठाउनु पर्नेछ ।

(ङ) आंशिक परीक्षार्थीको परीक्षा आवेदन फाराममा लब्धांक पत्रको फोटोकपी फारम साथै संलग्न गरी पठाउनु पर्ने छ ।

३. **परीक्षा शुल्क :**

क. प्रति शत्र परीक्षा शुल्क नियमित रु. २,५००।-

४. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले प्रथम हप्ता सम्म रु. २,५००।-

५. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित गणित विज्ञान स्कूलले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंकको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

६. **परीक्षा केन्द्र** : **पछि तोकिने छ ।**

७. **प्रयोगात्मक परीक्षा :** परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्बन्धित गणित विज्ञान स्कूलले सम्पन्न गरी सक्नु पर्नेछ ।

**द्रष्टव्य :**

* त्रि.वि.,को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्बन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

२०७९।०३।३०

सहायक डीन